आज मिति २०८१ साल श्रावण महिना २९ गतेका दिन यस सप्तकोशी नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद ढकालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो।

| क्र. स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद ढकाल | नगर प्रमुख | |
| २ | रिता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | रोहिणी प्रसाद पोखरेल | वडा अध्यक्ष | |
| ४ | जाहिर हुसेन | वडा अध्यक्ष | |
| ५ | देवकान्त गोजेवार | वडा अध्यक्ष | |
| ६ | जय राम खंग | वडा अध्यक्ष | |
| ७ | गोसाई चौधरी | वडा अध्यक्ष | |
| ८ | नन्दी लाल चौधरी | वडा अध्यक्ष | |
| ९ | जितन चौधरी | वडा अध्यक्ष | |
| १० | केदार प्रसाद साह | वडा अध्यक्ष | |
| ११ | राजेन्द्र कुमार यादव | वडा अध्यक्ष | |
| १२ | हरी लाल साह | वडा अध्यक्ष | |
| १३ | डोलेश्वर खड्गा | वडा अध्यक्ष | |
| १४ | मनो कुमारी चौधरी | का.पा. सदस्य | |
| १५ | प्रभा कुमारी चौधरी | का.पा. सदस्य | |
| १६ | संझा कुमारी चौधरी | का.पा. सदस्य | |
| १७ | शान्ति देवी यादव | का.पा. सदस्य | |
| १८ | संजु देवी चौधरी | का.पा. सदस्य | |
| १९ | राजेन्द्र वि.क. | का.पा. सदस्य | |
| २० | रमेश प्रसाद साह | का.पा. सदस्य | |
| २१ | ललिता देवी खड्ग | का.पा. सदस्य | |
| २२ | रामदेव चौधरी | सदस्य सचिव | |
| २३ | किशोर कुमार यादव | योजना प्रमुख | |
| २४ | | | |
| २५ | | | |

प्रस्तावहरू

१. आ.व. ०८१/८२ को वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजना तथा लागत अनुमान सम्वन्धमा।
२. आन्तरिक आयतर्फको ठेक्का बन्दोबस्ती सम्बन्धमा।
३. वार्षिक योजना तथा कार्यक्रमको अभिमुखीकरण कार्यक्रम सम्वन्धमा।
४. प्रशासकीय भवनको सिपेज मर्मत सम्बन्धमा।
५. प्रशासकीय भवनको रिभाइज्ड स्टिमेट सम्वन्धमा।
६. ३ महिनाका लागि ज्यालादारी मार्फत् २ जना इलेक्ट्रिसियनको सेवा प्राप्ति सम्वन्धमा।
७. विभिन्न पदका लागि करार मार्फत् सेवा प्राप्तिका लागि विज्ञापन प्रकाशन सम्वन्धमा।
८. भूमि वर्गीकरण सम्बन्धमा।
९. कृषि विद्युतीकरण सम्बन्धमा।
१०. नगर प्रहरी हवल्दार प्रेम बहादुर खड्का र सवारी चालक चन्द्र प्रसाद ढुङ्गानकाको सेवा सुविधा समायोजन सम्बन्धमा।
११. फत्तेपुर गोलचोक व्यवस्थापन सम्बन्धमा।
१२. विविध
    क) कोशेली घर नामकरण सम्बन्धमा।
    ख) आर्थिक सहयोग सम्बन्धमा।

**निर्णयहरू**

**निर्णय नं. १** प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. ०८१/८२ को वार्षिक योजना तथा कर्यक्रम कार्यान्वयनका सन्दर्भमा तयार गरिएको वार्षिक कार्यक्रम कार्यान्वयन योजना उपर विस्तृत छलफल गरी उक्त कार्यान्वयन योजनालाई स्वीकृत गर्ने तथा नगरपालिकाको कार्यालय, विषयगत शाखा तथा वडा कार्यालयहरूबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरू कार्यान्वयनका सन्दर्भमा खरिद गर्नु पर्ने सामग्रीहरूको स्पेसिफिकेसन सहितको विवरण तयार गरी सोको लागत अनुमान तयारी प्रयोजनका लागि दररेट माग गर्ने सम्बन्धमा सूचना प्रकाशन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथि छलफल गर्दा आन्तरिक आयतर्फको ठेक्का वन्दोवस्तीका लागि तपसिल बमोजिम न्यूनतम कबोल अङ्क कायम गर्ने, विज्ञापन कर तथा हाटकर सङ्कलनका लागि शिलबन्दी आह्वानको सूचना प्रकाशन गर्ने तथा पोखरीहरूको हकमा सम्बन्धित वडा कार्यालयबाट डाक वढाबढको सूचना प्रकाशन गर्ने र मर्मत गर्नु पर्ने पोखरीहरूको मर्मत सम्भार गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**तपसिलः**

- विज्ञापन कर (करसहित)- आ.व. ०८१/८२ का लागि रू.१,००,०००।-, आ.व. ०८२/८३ का लागि रू.१,१०,०००।- र आ.व. ०८३/८४ का लागि रू.१,२१,०००।-
- वडा नं. ४ स्थित बलार्दह हटिया र वडा नं. ८ स्थित मङ्गल हटियाको वार्षिक हाटकर (करसहित)- आ.व. ०८१/८२ का लागि रू.१,१५,०००।-
- वडा नं. ६ स्थित पोखरी (करसहित)- ३ वर्षका लागि रू.१,१०,०००।-
- वडा नं. २ को कार्यालय अगाडिको पोखरी (करसहित)- ३ वर्षका लागि रू.९०,२००।-
- वडा नं. ७ स्थित बनिगामा पोखरी (करसहित)- ३ वर्षका लागि रू.८१,४००।-

**निर्णय नं. ३** प्रस्ताव नं. ३ माथि छलफल गर्दा उपयुक्त मिति तय गरी आ.व. ०८१/८२ को वार्षिक योजना तथा कार्यक्रमहरूको अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिकाको प्रमुख प्रशासकीय भवनमा देखिएको सिपेज नियन्त्रण कार्य सञ्चालनका लागि सम्बन्धित ठेकेदारलाई पटक पटक पत्राचार गर्दा समेत उक्त सिपेज नियन्त्रणको कार्य सञ्चालन नगरेको हुँदा निज ठेकेदारको धरौटी रकमबाट भुक्तानी हुने गरी उक्त सिपेज मर्मत कार्य सञ्चालन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगरपालिकाको प्रमुख प्रशासकीय भवनको तला थप लगायतका कार्य सञ्चालनका लागि सो को रिभाइज्ड डि.पि.आर. तथा स्टिमेट गरी ठेक्का प्रक्रिया सञ्चालन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरका विभिन्न क्षेत्रमा जडान गरिएका सोलार तथा सडक वत्तीको मर्मत सम्भारका लागि कार्यालयमा दक्ष जनशक्ति नभएका कारण हाललाई ३ महिनाका लागि ज्यालादारी मार्फत् २ जना इलेक्ट्रिसियनको सेवा प्राप्तिको प्रक्रिया सञ्चालन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा विभिन्न पदका लागि सेवा करार मार्फत् सेवा प्राप्तिका लागि विज्ञापन प्रकाशन गर्ने प्रयोजनका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन बमोजिम आवश्यक विवरण तयार गरी आगामी बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा भूमि वर्गीकरणका लागि भू-उपयोग परिषद्को बैठक बसी उक्त परिषद्को निर्णय सहित कार्यपालिका बैठकमा पेश गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा कृषि विद्युतीकरण कार्यका लागि नगरपालिकाको तर्फबाट २० प्रतिशत साझेदारी रहने र खपत विद्युतको रकम सम्बन्धित उपभोक्ताले भुक्तानी गर्ने गरी माग सङ्कलन फाराम भरी सम्बन्धित निकायमा पठाउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा नगर प्रहरी हवल्दार प्रेम बहादुर खड्का र सवारी चालक चन्द्र प्रसाद ढुङ्गानाले आफूले खाई पाई आएको सेवासुविधा न्यून भएकोले सेवा सुविधा समायोजनका लागि निवेदन पेश गरेकोमा मिति २०८१ साल श्रावण महिनादेखि लागू हुने गरी निजहरूले खाई पाई आएको सेवा सुविधामा मासिक रू.२०००।- थप गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा वडा नं. १ फत्तेपुर, गोलचोक स्थित खाली जग्गामा विगत केही समयदेखि अनधिकृत रूपमा गुद्री लगायत व्यवसाय सञ्चालन भई आएको देखिएको हुँदा उक्त स्थान खाली गराउन तथा म्याजिक लगायतका सम्पूर्ण सवारी साधनलाई बसपार्क क्षेत्रबाट छुट्ने र गोलचोक क्षेत्रबाट यात्रु चढाउने र ओहाल्ने गर्न आवश्यक व्यवस्थापनको लागि वडा मार्फत् सम्बन्धितलाई जानकारी गराई ७ दिन भित्र उक्त स्थान खाली तथा व्यवस्थित गराउने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथि छलफल गर्दा विविध तर्फ तपसिल बमोजिम गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

क) प्रस्ताव नं. १२ क) माथि छलफल गर्दा स्थापित कोशेली घरलाई "सप्तकोशी लघु उद्यमी कोशेली घर, स.न.पा.-१, सप्तरी" नामकरण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ख) प्रस्ताव नं. १२ ख) माथि छलफल गर्दा वडा नं. ८ निवासी राम किसुन साफी र मिना देवी साफीको स्वास्थ्य उपचारको क्रममा धेरै रकम खर्च भएको र निजको परिवारको आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुँदा निजहरूलाई जनही रू.१५ हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।